# NIC ASIA Laghubitta Bittiya Sanstha Ltd.
# एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि.

(“नेपाल राष्ट्र बैंकबाट ‘घ’वर्गको इजाजतपत्रप्राप्त संस्था, राष्ट्रियस्तर कार्यक्षेत्र भएको”)
भेरी ४, जाजरकोट, संपर्क नम्बर : ०११६६००३४, Email: info@nicasialaghubitta.com

## UNAUDITED FINANCIAL RESULTS (QUARTERLY)

**As at the end of Second Quarter (29/09/2077) of the Financial Year 2077/78 (2020/2021)**

*Rs In '000*

| S.N. | Particulars | This Quarter Ended 13.01.2021 | Previous Quarter Ended 16.10.2020 | Corresponding Previous Year Quarter Ended 14.01.2020 |
|---|---|---|---|---|
| **1** | **Total Capital and Liabilities (1.1 to 1.7)** | **11,993,126** | **13,366,471** | **6,905,588** |
| 1.1 | Paid Up Capital | 1,480,000 | 1,480,000 | 1,004,500 |
| 1.2 | Reserves and Surplus | 439,074 | 375,304 | 218,857 |
| 1.3 | Debentures and Bonds | - | - | - |
| 1.4 | Borrowings | 8,511,925 | 10,223,024 | 4,715,168 |
| 1.5 | Deposits | 1,049,145 | 979,110 | 794,945 |
| 1.6 | Income Tax Liability | 68,483 | 29,607 | - |
| 1.7 | Other Liabilities | 444,500 | 279,425 | 172,118 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **11,993,126** | **13,366,471** | **6,905,588** |
| 2.1 | Cash and Bank Balance | 3,058,361 | 2,880,319 | 58,699 |
| 2.2 | Money at Call and Short Notice | 128,041 | 2,431,402 | 657,359 |
| 2.3 | Investments | - | 150,000 | 698,304 |
| 2.4 | Loans and Advances | 8,551,362 | 7,697,619 | 5,348,084 |
| 2.5 | Fixed Assets | 42,476 | 45,412 | 28,994 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 212,886 | 161,720 | 114,148 |
| **S.N.** | **Profit and Loss Account** | **Up to This Quarter** | **Up to Previous Quarter** | **Up to Corresponding Previous Year Quarter** |
| 3.1 | Interest Income | 672,997 | 310,783 | 423,968 |
| 3.2 | Interest Expense | 279,868 | 137,872 | 203,479 |
| | **A. Net Interest Income(3.1-3.2)** | **393,129** | **172,911** | **220,489** |
| 3.3 | Fees, Commission and Discount | 92,176 | 20,455 | 35,564 |
| 3.4 | Other Operating Income | - | - | - |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| | **B. Total Operating Income (A+ 3.3+3.4+3.5)** | **485,305** | **193,366** | **256,053** |
| 3.6 | Staff Expenses | 77,783 | 35,761 | 33,395 |
| 3.7 | Other Operating Expenses | 68,756 | 27,585 | 36,574 |
| | **C. Operating Profit Before Provision (B. - 3.6-3.7)** | **338,766** | **130,020** | **186,084** |
| 3.8 | Provision for Possible Loss | 140,277 | 26,740 | 23,433 |
| | **D. Operating Profit (C. - 3.8)** | **198,489** | **103,280** | **162,651** |
| 3.9 | Non Operating Income/Expenses (Net) | 55,150 | (205) | - |
| 3.10 | Write Back of Provision for Possible Loss | - | - | 12,216 |
| | **E. Profit from Regular Activities (D.+3.9+3.10)** | **253,639** | **103,075** | **174,867** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| | **F. Profit before Bonus and Taxes (E.+3.11)** | **253,639** | **103,075** | **174,867** |
| 3.12 | Provision for Staff Bonus | 25,364 | 10,307 | 15,897 |
| 3.13 | Provision for Tax | 68,483 | 27,830 | 47,691 |
| | **G. Net Profit/Loss (F. -3.12-3.13)** | **159,793** | **64,937** | **111,279** |
| **4** | **Ratios** | **At the end of This Quarter** | **At the end of Previous Quarter** | **At the end of Corresponding Previous Year Quarter** |
| 4.1 | Capital Adequacy | 21.17% | 20.60% | 20.04% |
| 4.2 | Non Performing Loans (NPL) To Total Loans | 0.96% | 0.97% | 0.52% |
| 4.3 | Total Loan Loss Provision to Total NPL | 328.82% | 145.93% | 18.30% |
| 4.4 | Cost of Funds (Deposit + Borrowings) | 5.31% | 6.08% | 9.17% |
| 4.5 | CD Ratio | 815.08% | 786.18% | 672.76% |

* These figures may vary with the audited figures at the instance of external auditors and regulators.
* Figures have been regrouped/ rearranged wherever necessary

| ब्याजदर | |
|---|---|
| निक्षेप : वार्षिक ५% देखि ६% सम्म | कर्जामा वार्षिक १३ देखि १५% |

## आ.व. २०७७/०७८ को दोस्रो त्रैमासिक प्रतिवेदन

**१) वित्तीय विवरण**

**क) दोस्रो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान सम्वन्धी विवरण :**

यस वित्तीय संस्थाको दोस्रो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान सम्वन्धी विवरण यसै साथ संलग्न गरिएको छ ।

**ख) प्रमुख वित्तीय अनुपातहरु**

| प्रति शेयर आम्दानी (वार्षिक) | मुल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रतिशेयर कुल सम्पत्तिको मुल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| २१.५९ | ३५.१५ | १२९.६७ | ८१०.३५ | ०.५० |

**ग) सम्बन्धित पक्ष कारोबार**

एन आई सी एशीया बैंक लिमिटेडको सहायक कम्पनीको रुपमा रहेको यस संस्थाको कुल शेयर मध्ये ६७.८७% शेयर स्वामित्व एन आई सी एशीया बैंक लिमिटेडको रहेको छ। यस संस्थाको सम्बन्धित पक्ष कारोबार निम्न अनुसार रहेको छ।

| विवरण | रकम रु. |
|---|---|
| एन आई सी एशीया बैंक लिमिटेडबाट शेयरमा लगानी | १,००४,५००,००० |
| एन आई सी एशीया बैंक लिमिटेडबाट लिएको कर्जा सापटी | ३,४३८,३९८,६३८ |
| एन आई सी एशीया बैंक लिमिटेडको खातामा रहेको रकम | १७७,३२९,५७१ |
| एन आई सी एशीया बैंक लिमिटेडलाई ब्याज भुक्तानी | ११२,७७४,७१५ |
| एन आई सी एशीया बैंक लिमिटेडलाई सेवा शुल्क भुक्तानी | ९,६२६,२३३ |

**२) व्यवस्थापकीय विश्लेषण**

**क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण:** संस्थाले समिक्षा अवधिमा सदस्य संख्या , सदस्य समूहको निक्षेप तथा कर्जा लगानीमा वृद्धि गर्दै बजारमा प्रचलित ब्याजदरलाई उच्चतम रुपमा व्यवस्थापन गर्न सफल भएको छ। साथै कोभिड १९ को कारणले समग्र अर्थव्यवस्थामा पारेको असरलाई समयमै पहिचान गरी सोको उचित व्यवस्थापन तथा अग्रगामी कदमले गर्दा सम्पूर्ण कर्मचारीहरु, ऋणी सदस्यहरुको समस्यालाई पहिचान गरी सोको समाधान तथा सहयोग गर्न संस्था सफल भएकोले कर्जाको गुणस्तर तथा खराब कर्जामा पनि सुधार आएको छ।

**ख) व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :** यस वित्तीय संस्थाले देशका ३६ जिल्लामा १२० शाखा कार्यालय मार्फत सेवा प्रदान गर्दै आईरहेको छ। संस्थाले कार्यक्रम विस्तार गर्दा लघुवित्त सेवाको पहुँच नपुगेका दुर्गम स्थानियतहहरुलाई प्राथमिकतामा राखिएको छ। यस त्रैमासको अन्त सम्ममा यस वित्तीय संस्थाले कुल ५१,५९९ विपन्न परिवारमा लघुवित्त सेवा प्रदान गरेको छ।

राष्ट्रिय स्तरको अग्रणी लघुवित्त संस्थाको रुपमा छोटो अवधिमै आफुलाई स्थापित गर्न सफल यस संस्थाले उच्चतम तथा नविनतम प्रविधिलाई जोड दिदै संस्थाको दैनिक क्रियाकलाप तथा समूह सदस्य र ऋणीहरुलाई समेत थप प्रभावकारी रुपमा सेवा प्रदान गर्दै आएको छ। यस संस्थाले नेपालको पहिलो प्राथकिताको अग्रणी लघुवित्तको रुपमा स्थापित हुनलाई कृषि, पशुपालन, सेवा व्यावसाय, लघु उद्दम तथा समूहको आवश्यकता अनुसारका व्यवसायहरुमा लगानी बढाउदै गई रहेको छ। आगामी दिनहरुमा पनि समूह सदस्य तथा ऋणीहरुको आवश्यकता र समय सापेक्ष अनुसार संस्थाको सेवा तथा सुविधाको गुणस्तर वृद्धि गर्दै एक सबल, सफल तथा उत्तरदायी संस्थाको रुपमा आफूलाई स्थापित गर्नमा व्यावस्थापन सदैव सचेत,सजक तथा प्रतिवद्ध रहेको छ।

**ग) विगतको अनुभवबाट संगठित संसथाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धि विश्लेषणात्मक विवरण :** विश्वव्यापी रुपमा फैलिएको कोभिड १९को महामारी तथा संक्रमण नियन्त्रणका लागि लागु भएको बन्दाबन्दी र कर्फ्युले सम्पूर्ण वित्तीय क्षेत्रको कारोबार सुचारु रुपमा संचालन गर्न कठिनाई भईरहेको अवस्थामा, संस्थालाई पनि अपेक्षित रुपमा लक्ष्य, नाफा तथा नगद प्रवाहमा असर पर्ने देखिन्छ। लघुवित्त संस्थाहरुमा देखिएको कर्जाको दोहोरोपनले ग्राहकको क्षमता भन्दा बढि कर्जा लगानी र यसको सदुपयोगिता आदि कारणले संस्थालाई असर पर्ने देखिन्छ। तथापी समयमै बन्दाबन्दी को अन्त भई जन जीवन सामान्य भएमा संभावित जोखिम न्यून गर्न सकिने कुरामा व्यवस्थापन दृढ छ। कर्जाको दाहोरोपनलाई निरुत्साहित गरि कर्जाको गुणस्तरमा अभिवृद्धि गर्न सम्पुर्ण सरोकारवाला पक्षसँग सहकार्य गरी कर्जाको गुणस्तर कायम राख्नेमा व्यवस्थापन विश्वस्त छ। समिक्षा अवधिमा संस्थाले उचित तथा प्रभावकारी रुपमा कर्जा असुली तथा कर्जाको गुणस्तर कायम राख्न सफल भएकोमा सो लाई निरन्तरता दिदै सोबाट सिकेको ज्ञान तथा क्षमतालाई अझ प्रभावकारी रुपमा लागु गरिने छ। साथै बजारमा वर्तमान अवस्थामा उतार चढाव भई रहेको व्याजदरलाई सफल रुपमा तथा प्रभावकारी तरीकाले व्यावस्थापन गरी सरल तथा सहज व्याजदरमा संस्थाको वित्तिय स्रोतको परिचालन गरिनेछ।

**३) कानूनी कारवाही सम्वन्धी विवरण**

**क) यस अवधिमा बैंकले वा बैंकको विरुद्ध कुनै मुद्दा दायर भए नभएको :**

यस अवधिमा बैंकको व्यवसायमा तात्विक असर पर्ने गरी बैंकले वा बैंकको विरुद्ध कुनै मुद्दा दायर नभएको ।

**ख) संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै किसिमको मुद्दा दायर भए नभएको :**

यस सम्वन्धी कुनै जानकारी प्राप्त नभएको ।

**ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भए नभएको :**

यस सम्वन्धी कुनै जानकारी प्राप्त नभएको ।

**४) संस्थाको शेयर कारोवार सम्वन्धी विश्लेषण**

**क) धितोपत्र बजारमा भएको वित्तीय संस्थाको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा :**

दोस्रो बजारमा हुने शेयर कारोबारको मूल्य खुल्ला बजारले निर्धारण भए अनुरुप हुने व्यवस्थापनको धारणा रहेको छ ।

**ख) यस अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मुल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या :**

| अधिकतम मुल्य | न्युनतम मुल्य | अन्तिम मुल्य | कारोवार संख्या | कारोबार दिन |
|---|---|---|---|---|
| लागु नहुने * | लागु नहुने | ७५९ | ० | ० |

*यस संस्था स्वदेशी लघुवित्त वित्तिय संस्था सँग गाभ्ने तथा गाभीने प्रकृयामा रहेकोले दोस्रो त्रैमासमा कुनै शेयर कारोबार नभएको।

**५) समस्या र चुनौती**

**प्रमुख चुनौतीहरु तल उल्लेख गरिए अनुसार रहेको छ ।**

**आन्तरिक**

क) दक्ष जनशक्तिको अभाव ।

ख) बढ्दो सञ्चालन लागत तथा घट्दो खुद ब्याजदर अन्तर ।

ग) कार्य क्षेत्रको भौगोलिक विकटता र यसले गर्दा कर्मचारीहरुको उत्पादकत्वमा आउने नकरात्मक असर ।

**वाह्य**

क) विश्वव्यापी महामारी कोभिड १९ ले पारेको असर तथा दोस्रो काभिड महामारी लहरको सम्भावना ।

ख) एउटै क्षेत्रमा धेरै लघुवित्त वित्तीय संस्थाहरुको उपस्थितीले संस्थाहरुबिच अस्वस्थ प्रतिस्पर्धा एवं कर्जा लगानीमा दोहोरोपनको सम्भावना ।

ग) ग्राहकहरुको उत्पादनको लागि उचित बजारको अभाव ।

**रणनीति**

क) नविनतम् प्रविधिको प्रयोग गरी विधुतिय सेवालाई जोड दिने ।

ख) नयाँ क्षेत्रहरुमा लगानी एवं अवसरहरुको निरन्तर खोजी गर्दै जाने ।

ग) कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि Virtual तालिम संचालन गर्ने ।

घ) प्रतिस्पर्धी क्षमताको विकास गर्दै जाने ।

ङ) विवेकशिल जोखिम व्यवस्थापनको नीतिलाई अंगिकार गर्दै जाने ।

च) उत्पादनमूलक र कृषि क्षेत्रमा आधारित कर्जालाई प्राथमिकता दिने ।

छ) खर्चमा मितव्ययीता अपनाउने ।

ज) वित्तिय सेवा पहुंच नपुगेको क्षेत्रको पहिचान गरि सेवा प्रदान गर्ने ।

**६) संस्थागत सुशासन**

संस्थागत सुशासनलाई सदैव उच्च प्राथमिकता दिने नीति अनुसार श्री नेपाल राष्ट्र बैंकद्वारा जारी संस्थागत सुशासन सम्बन्धी व्यवस्था अनुरुप बैंकका संचालक समिति तथा व्यवस्थापनमा कार्यरत सम्पूर्ण कर्मचारीहरु, आफ्ना शेयरधनीहरु, सर्वसाधारण निक्षेपकर्ताहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको हितलाई सदैव उच्च प्राथमिकतामा राखी संस्थागत सुशासन कायम राख्न नियामक निकायहरुका व्यवस्थाहरुको पूर्णरुपमा पालना एवं कार्यान्वयनको लागि संस्था सदैव सजग र सचेत रहेको छ ।

**७) सत्य, तथ्यता सम्वन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण**

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्वन्धमा मैंले जाने बुझेसम्म म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।